आठराई गाउँपलिका

# स्थानीय राजपत्र

खण्डः३   संख्या१० मितिः२०७६/०९/२६

भग २

आठराई गाउँपालिका

# "आठराई गाउँपलिका भित्रका सामुदायिक बिद्यालय तथा क्याम्पसहरुमा शौक्षिक अनुदान सहायता सम्बन्धी कार्यविधि २०७६"

आठराई गाउँपालिका संक्रान्ती बजार

तेह्रथुम

१ नं. प्रदेश, नेपाल

**आठराई गाउँपालिका भित्रका सामुदायिकबिद्यालय तथा क्याम्पसहरुमा शैक्षिक अनुदान सहायता सम्बन्धी कार्यबिधी २०७६ "**

स्वीकृत मितिः २०७६।९।२६

प्रस्तावनाः-आठराई गाउपालिकाभित्रका सामुदायिकविद्यालय तथा क्याम्पसहरुमा शिक्षकहरुको दरबन्दी नेपाल सरकारले तोके बमोजिम कायम हुन नसक्दाशिक्षाको गुणस्तर बृद्धीमा समस्या पर्न जाने भएकोले गाउँपालिकाबाट अनुदान प्रदान गरी नयुक्ति भई कार्यरत भाषा शिक्षक (सस्कृत, लिम्बू, तामाङ, गुरुङ्ग, शेर्पा, मगरआदि) विषय विज्ञ प्राविधिक विषयका शिक्षकहरु स्थानिय स्तरवाट नै नियुक्ति गरी शैक्षिक गुणस्तरलाई उच्च बनाई शिक्षण सिकाइलाई प्रभावकारी तथा गुणस्तरीय बनाउन, शैक्षिक सामाग्री खरिद गर्न, कक्षा कोठा मर्मत गर्न,सामाजिक परिचालनको आवश्यक भएमा नेपाल सरकारले तोकेको दरवन्दीमा कार्यरत शिक्षक वा कर्मचारीले मात्रै कार्य सम्पन्न गर्न समाजमा देखिएका विविध परिघटना वा विषयहरुको समाधान नहुने देखिएकोले सामाजिक क्रियाकलाप तथा गतिविधिहरु अगाडि बढाउन बान्छनिय भएकोले स्थानिय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को उप दफा १.१ को (ज) ले दिएको अधिकार प्रयोग गरी आठराई गाउँपालिकाले यो कार्यबिधी बनाई गाउँपालिका क्षेत्रभित्र लागु गरेको छ ।

## परिच्छेद - १

(१) संक्षिप्त नाम र प्रारम्भः-

क) यस कार्यबिधीको नाम आठराई गाउपालिका भित्रका सामुदायिक बिद्यालय तथा क्याम्पस हरुमा शैक्षिक अनुदान सहायता सम्बन्धी कार्यबिधी २०७६ रहेको छ ।

ख) यो कार्यबिधी गाउँ सभाबाट पारित भएको मितिबाट आठराई गाउँपालिका क्षेत्रभित्र लागू हुनेछ ।

(२) परिभाषाः बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधीमा

(क) "कार्यबिधी' भन्नाले सामुदायिक बिद्यालय तथा क्याम्पस हरुमा शैक्षिक अनुदान सहायता सम्बन्धी कार्यबिधी २०७६ लाई सम्झनु पर्दछ ।

(ख) "शैक्षिक अनुदान सहायता" भन्नाले सामुदायिक बिद्यालय तथा क्याम्पसहरुमा शैक्षिक गुणस्तर सुधार गर्न यस गाउँपालिकाद्वारा आफ्नो भौगोलिक क्षेत्रभित्रका शैक्षिक संस्थामा नियुक्ती प्राप्त शैक्षिक जनशक्ति (सस्कृत, लिम्बू, तामाङ, गुरुङ्ग, शेर्पा, मगरआदि भाषा शिक्षक ) विषय विज्ञ, प्राविधिक विषयका शिक्षक तथा नेपाल सरकारले तोकेका कुनै पनि शिक्षक दरवन्दी नभएका विद्यालयमा गाउँपालिका वा वडाहरुले तलब भत्ता तथा व्यवस्थापनमा लगानि गरेका शिक्षकहरुलाई पनि तलब भत्ता बापत गाउँपालिका वा वडाबाट उपलब्ध गराइने रकमलाई सम्झनु पर्दछ ।

(ग) "शैक्षिक संस्था' भन्नाले प्रचलित कानून बमोजिम स्थापना भई आठराई गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका पूर्व प्राथमिक विद्यालय, आधारभुत विद्यालय, माध्यमिक विद्यालय र सामुदायिक क्याम्पस समेतलाई सम्झनु पर्दछ ।

(घ) "सामुदायिक क्याम्पस' भन्नाले मान्यता प्राप्त विश्वविद्यालयको आंगिक क्याम्पस वा शैक्षिक गुठीको रुपमा स्थापना भई सम्बन्धन प्राप्त क्याम्पसहरुलाई सम्झनु पर्दछ ।

(ङ) "प्रधानाध्यापक' भन्नाले प्रचलित कानून बमोजिम स्थापना भई सञ्चालनमा रहेका विद्यालयहरुको आर्थिक र प्रसाशकीय जिम्मेवारी प्राप्त प्रमुख अध्यापक सम्झनु पर्दछ ।
(च) "क्याम्पस प्रमुख' भन्नाले कानून बमोजिम स्थापना भई सञ्चालनमा रहेका सामुदायिक क्याम्पसहरुको आर्थिक र प्रसाशकीय जिम्मेवारी प्राप्त प्रमुख ब्यक्तिलाई सम्झनु पर्दछ ।
(छ) थप परिभाषा नेपाल सरकार, प्रदेश सरकार १ नं. प्रदेश र आठराई गाउँपालिकाद्वारा जारी भएको शिक्षा ऐनमा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद - २

## अनुदान सहायता सम्बन्धी ब्यबस्था

(३) अनुदान सहायता गाउँपालिका क्षेत्रभित्र सामुदायिक विद्यालयहरुमा हाल सञ्चालनमा रहेको अंग्रेजी माध्यममा अध्यापन गराउने जनशक्ति ,(सस्कृत, लिम्बू, तामाङ, गुरुङ्ग, शेर्पा, मगरआदि भाषा शिक्षक ) विषयविज्ञ, प्राविधिक विषयका शिक्षकहरु, सामुदायिक विद्यालयहरुमा शिक्षक दरबन्दी कायम भई नसकेको अबस्थामा सो विद्यालयमा शैक्षिक गुणस्तर कायम गर्न नियमित कार्यरत जनशक्ति शिक्षक र सामुदायिक क्याम्पसहरुमा शैक्षिक गुणस्तर कायम गर्न उपलब्ध जनशक्ति शिक्षकहरु रहेको सामुदायिक क्याम्पसहरुमा आ वश्यक्ता अनुसारमात्र उपलब्ध्ध गराइनेछ । साथै शैक्षिक सामाग्री खरिद गर्न , कक्षा कोठा मर्मत गर्न समेत अनुदान सहायता उपलब्ध हुनेछ ।
(४) अनुदान प्राप्त विद्यालय र क्याम्पसहरुले करार सेवामा जनशक्ति नियुक्त गर्नु पर्नेछ ।
(५) अनुदान सहायता माग गर्ने शैक्षिक संस्थाले ब्यबस्थापन समितिबाट निर्णय गरी प्रमाणित प्रतिलिपी राखी माग गरिएको शिक्षक, तह र बिषय समेत खुलाई गाउँपालिका समक्ष माग पत्र पेश गर्नु पर्नेछ ।
(६) अनुदान सहायता माग भई आएका शैक्षिक संस्थाहरुको आबश्यकता र औचित्य समेतको गाउँ कार्यपालिकाले छानविन गरी आबश्यक देखिएमा सम्बन्धित शैक्षिक संस्थाहरुलाई गाउँपालिकाले अनुदान सहायता रकम प्रकृया पुर्याई विद्यालयको खातामा निकासा गराउने छ ।
(७) यो कार्य विधि लागू हुन भन्दा अगाडि नियुक्त भएका साविकका गाविसले नियुक्ति दिइएकार वि व्य स ले नियुक्त गरेका शिक्षकहरुलाई यसै कार्य विधि अनुसार नियुक्त गरेको ठहरिने छ ।
(८)अनुदान सहायतामा नियुक्त शैक्षिक जनशक्तिको करार अवधी शुरुमा एक बर्षको हुनेछ त्यसपछि कार्य सम्पादन मूल्याङ्कन, पेशागत निष्ठा, आवश्कता र अनुशासन समेतको आधारमा कार्य अवधी थप गर्दै लगिनेछ ।

(९) अनुदान सहायतामा शैक्षिक जनशक्ति नियुक्ति गर्दा प्रचलित शिक्षा ए न नियमावलीमा भएको व्यवस्था अनुसार नियुक्त हुनेछ ।यस कार्यविधि लागू हुनु भन्दा अगाडि नियुक्त भएका शिक्षकहरुको यसै कार्यविधि अनुसार नियुक्त भएको मानिनेछ ।
(१०) शैक्षिक संस्थामा हाल निजी श्रोतमा कार्यरत वा नयाँ नियुक्ति गर्नु पर्ने आवश्कताका शिक्षक जनशक्तिहरुको हकमा कार्य सम्पादन मुल्याङ्कन, पेशागत निष्ठा र अनुशासन समेतलाई दृष्टिगत गरी लिखित तथा मौखिक परीक्षाको माध्यमबाट छनौट गर्न सकिनेछ ।

(११) अनुदान सहायतामा नियुक्त शैक्षिक जनशक्तिको तलब भत्ता र अन्य सेवा सुविधा प्रचलित कानून गाउँ कार्यपालिकाको निणर्य अनुसार गाउँपालिकाबाट निकाशा गरिनेछ ।

(१२) गाउँपालिकाबाट निकासा प्राप्त अनुदान सहायता बापतको रकम सम्बन्धित विद्यालयले सम्बन्धित शिक्षकको बैंक खातामा जम्मा गरी वा नगदै भुक्तानी दिई हिसाब दुरुस्त राख्नु पर्नेछ।

## परिच्छेद - ३

## अनुदान सहायता निर्धारण समिति

(१२) अनुदान सहायता सम्बन्धीको शैक्षिक जनशक्ति छनौट तथा सिफारिस समितिः शैक्षिक जनशक्ति छनौट गर्ने प्रयोनजनार्थ देहायका ५ सदस्यीय छनौट तथा सिफारिस समिति रहनेछ ।

(क) गाउँपालिका अध्यक्ष संयोजक

(ख) गाउँपालिकाको उपाध्यक्ष सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत सदस्य

(घ) सम्वन्धित वडाको वडा अध्यक्ष सदस्य

(ङ) गाउँपालिकाको शिक्षा शाखा प्रमुख सदस्यसचिव

१३) अनुदान सहायता निर्धारण समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछनः-

(क) अनुदान सहायता सम्बन्धीको सम्वन्धित विद्यालयको प्रस्तापना माग गर्ने ।

(ख) अनुदान दिनको लागि गाउँ शिक्षा समितिसग समन्वय गरी कार्यपालिकामा पेश गर्ने ।

(ग) कार्यपालिकावाट उक्त प्रस्तावना माथि छलछलका पेश गर्ने निर्यण गराउने र निर्णय कार्यान्वयन गर्ने ।

(घ) कार्यपालिकावाट स्वीकृत अनुदान निकासा चौमासिक रुपमा विद्यालयको खातामा हुनेछ ।

## परिच्छेद - ४

## शैक्षिक जनशक्तिको सेवा सुविधा सम्बन्धि ब्यबस्था

(१४) गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा अनुदानमा कार्यरत शैक्षिक जनशक्तिलाई आठराई गाउँपालिकाले गरेको करार सम्झौता अनुसारको सेवा सुविधा उपलब्ध गराईनेछ । यस अघि नयुक्ति भएका भाषा शिक्षक वा अन्य शिक्षकहरूलाई नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिकको लागि यो कार्यविधि लागू हुनु भन्दा अगाडि विद्यालयको व्यवस्थापन समितिले गरेको निर्णय तथा साविकका गाविसहरुले प्रदान गरेको सुविधा अनुसार नै सेवा सुविधा उपलब्ध गराईनेछ ।दशै खर्च र पोशाक भत्ताका लागि हरेक आर्थिक वर्षको नीति तथा कार्यक्रम देखि व्यव्थापन गर्न सकिनेछ ।

(१५) तोकिएको भत्ता लिने जुनसुकै शैक्षिक जनशक्तिले प्रधानाध्यापक तथा क्याम्पस प्रमुखको मातहतमा रही पुरै समय काम गर्नु पर्नेछ । यसरी तोकिएको पुरै विद्यालय समयसम्म काम गर्न नसक्ने शैक्षिक जनशक्तिलाई नियमानुसार तलव भत्ता रोक्का गरिनेछ ।

(१६) अनुदान सहायतामा नियुक्त शैक्षिक जनशक्तिले प्राप्त गरेको सेवा सुबिधा र पारिश्रमिक बापतको आर्थिक कारोबारको हिसाब किताब दुरुस्त राखी प्रचलित कानून बमोजिम सम्बन्धित विद्यालयले लेखा परिक्षण गराउनु पर्नेछ ।

(१७)  अनुदान सहायतामा नियुक्त शैक्षिक जनशक्तिलेयस कार्यबिधीमा तोकिए बमोजिम कार्य गरे नगरेको बिषयमा विद्यालय ब्यबस्थापन समिति, गाउँ शिक्षा शाखा तथा गाउँ कार्यपालिकाबाट अनुगमन तथा मुल्याङ्कन गरिनेछ ।

## परिच्छेद - ४

## विविध

**(१८)** अनुदान सहायतामा नियुक्त शैक्षिक जनशक्ति/शिक्षकले नियुक्ती पाएको विद्यालयमा बिशेष परिस्थिती (अनुदान रोक्का तथा मृत्यु) बाहेक अनिबार्य एक शैक्षिकसत्र कार्य गर्नुपर्नेछ सो बाहेक पद छोड्न चाहेमा कम्तिमा ३० दिन अगावै सम्बन्धित विद्यालयको आर्थिक र प्रसाशकीय जिम्मेवारी प्राप्त प्रमुख समक्ष लिखित जानकारी दिनु पर्नेछ । लिखित जानकारी भएको  विवरण प्रसाशकीय जिम्मेवारी प्राप्त प्रमुखले यथासिघ्र गाउँपालिकामा दिनु पर्नेछ ।

(१९)अनुदान सहायतामा नियुक्त शैक्षिक जनशक्ति/शिक्षकको कार्यसम्पादन सन्तोसजनक नभएमा वा अनुशासन उल्लंघन गरेमा वा नैतिक पतन हुने कुनै कार्य गरेको पुष्टी भएमा वा प्रचलित कानूनले निषेध गरेको कुनै कार्य गरे गराएको ठहरेमा  सम्बन्धित विद्यालयको व्यवस्थापन समितिको निर्णयले कारवाहिको सिफारिस गरेमा गाउँपालिकाको निर्णयबाट निजसँगको करार सम्झौता भंग गरी पदबाट हटाउन सकिनेछ तर यसरी हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौका भने प्रदान गरिनेछ ।

(२०)  अनुदान सहायतामा नियुक्त शैक्षिक जनशक्ति/शिक्षकलाई परेको समस्या र सुनुवाई सम्बन्धी ब्यबस्था निम्नानुसार रहेको छः

(क) अनुदान सहायतामा नियुक्त शैक्षिक जनशक्ति/शिक्षकलाई कार्य सम्पादनको सिलसिलामा कुनै समस्या भएमा सम्बन्धित विद्यालयको आर्थिक र प्रसाशकीय जिम्मेवारी प्राप्त प्रमुख समक्ष लिखित रुपमा निवेदन दिन सक्नेछ र सो निवेदन उपर विद्यालयको प्रसाशकीय जिम्मेवारी प्राप्त प्रमुखले बढीमा ७ दिनभित्र सुनुवाई गर्नु पर्नेछ ।

(ख)  माथि (क) मा उल्लेखित समयसिमाभित्र प्रसाशकीय जिम्मेवारी प्राप्त प्रमुख समक्ष पेश भएको निवेदन उपर सुनुवाई नभएमा अनुदान सहायतामा नियुक्त शैक्षिक जनशक्ति/शिक्षकले गाउँपालिका समक्ष लिखित रुपमा निवेदन दिन सक्नेछ र सो निवेदन उपर गाउँपालिकाले बढीमा १५ दिनभित्र सुनुवाई गर्नु पर्नेछ ।

(२१) अनुदान सहायतामा नियुक्त शैक्षिक जनशक्ति/शिक्षकको काम, कर्तब्य र अधिकार तथा सेवा सुबिधा र सर्त नेपाल सरकार, प्रदेश सरकार १ नं. प्रदेश, गाउँपालिका शिक्षा ऐन तथा यस कार्यबिधीमा उल्लेख भए देखी बाहेक करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

(२२) खारेजी र बचाउः  यो कार्यबिधी लागु हुनु पुर्व शैक्षिक अनुदान सहायता सम्बन्धि भए गरेका अन्य कार्यहरु यसै कार्यबिधी बमोजिम भएको मानिने छ ।

२३) लागु हुने : यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

**आज्ञाले**

**प्रतिक गड्तौला**

**अधिकृत स्तर**

**निमित्त प्रमुख प्रशासकिय अधिकृत**